# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ६ | संख्या : ३ | २०७९ साल जेष्ठ ३१ गते |


## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## आपतकालिन एवम् जोखिम अवस्थामा रहेका महिलाहरुको संरक्षणको लागि लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना :** दुल्लु नगरपालिका भित्रका आपत्कालिन एवं जोखिम अवस्थामा रहेका महिलाहरूको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा महिलाहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत संकलन गरी परिचालन गर्न दुल्लु नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि तयार  गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः–**

क) यो कार्यविधिको नाम “ आपतकालिन एवम् जोखिम अवस्थामा रहेका महिलाहरुको लागि लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि –२०७९” रहेको छ।

ख) यो कार्यविधि नगरकार्यपालिकाको बैठकले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “कोष” भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगर/वडा स्तरीय लैगिंक हिसां निवारण कोषलाई सम्झनुपर्दछ।

ख) “नगरपालिका” भन्नाले दुल्लु नगरपालिकालाई सम्झनुपर्दछ।

ग) “वडांकार्यालय” भन्नाले दुल्लु नगरपालिका सबै  वडा कार्यालयहरूलाई सम्झनुपर्दछ।

घ) “आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका महिला” भन्नाले कार्यविधिको दफा १० मा उल्लेखित महिलाहरुलाई सम्झनुपर्दछ।

ङ) “कोष संचालक समिति” भन्नाले कार्यविधिको दफा ५ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

**३. कोषको उद्देश्य :–** यस कार्यविधि बमोजिम स्थापना गरिने लैगिंक हिंसा निवारण कोष का उद्दश्य देहाय बमोजिम रहने छन।

क) जोखिम अवस्थामा रहेका महिलाहरुको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका महिलाहरूलाई राहत (आधारभुत आवश्यकता सहित) उपलब्ध गराउने,

ग) जोखिममा रहेका महिलाहरुलाई पारिवारिक पुनर्स्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका र पढ्न इच्छुक महिलाहरुलाई आवश्यक शैंक्षिक सहयोग उपलब्ध गराउने

च) जोखिम अवस्थामा रहेका महिलाहरूको अधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

**४. कोषको स्थापना :** (१)दुल्लु नगरपालिका तथा यस अर्न्तगतका वडा कार्यालयहरुमा वैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका नगर/वडा भित्रका वा वडा भित्र फेला परेका महिलाहरुको संरक्षण गर्न नगर/वडा स्तरमा लैगिंक हिंसा निवारण कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको लैंगिकं हिसां निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

(१) संघीय तथा प्रदेश सरकारबाट कोषलाई प्राप्त हुने रकम,

(२) दुल्लु नगरपालिका/सम्बन्धित वडाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

(३) विभिन्न सघं–संस्था वा व्यक्तिबाट कोषलाई सहयोग स्वरुप प्राप्त हुने रकम,

(४)महिला तथा बालबालिकाका क्षेत्रमा कामगर्ने संस्थाले कार्य सम्भौता गर्दा स्वीकृत रकमको कम्तिमा ०.००२५ प्रतिशतले हुनआउने रकम वा प्रतिलाखमा रु.२।५० का दरले हुन आउने रकम।

(५)कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम आदि।

**५. कोष सञ्चालक समितिको गठन :** कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको कोष सञ्चालक समिति रहनेछ।

**(क)नगर स्तरिय कोष सञ्चालक समिति**

(१)नगर उप–प्रमुख –संयोजक

(२ प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(३)नगर स्तरीय सामाजिक विकास समिति संयोजक वा प्रतिनिधि १ जना – सदस्य

(४) नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको महिला सदस्य १ जना – सदस्य

(५) नगर कार्यपालिकाको कार्यालयले तोकेको गैर सरकारी संस्था सम्पर्क कर्मचारी – सदस्य

(६) नगर स्तरीय बालक्लव सञ्जालको प्रतिनिधि १ जना – सदस्य

(७) महिला अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट सञ्चालक समितिले मनोनित गरेको १ जना – सदस्य

(८) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख –सदस्य

(९) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शाखा प्रमुख – सदस्य सचिव

खण्ड ६ र ७ बमोजिमको सदस्यको पदावधि २ बर्षको हुनेछ।

**ख) वडा स्तरिय कोष सञ्चालक समिति**

(१) वडा अध्यक्ष – संयोजक

२) वडाका महिला सदस्य २ जना – सदस्य

३)वडा भित्रका महिला सहकारी संस्थाका अध्यक्ष वा आमा समूहका सदस्यहरु मध्येवाट वडा समितिले तोकेको १ जना – सदस्य

५) सम्बन्धित वडाको सचिव – सदस्य सचिव

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,**

(क) जोखिम अवस्थामा रहेका महिलाहरुको पहिचान गर्ने ,उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने, राहत दिने र शैंक्षिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै महिला जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा सामग्री वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने ।

(घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण नगरपालिका/वडा कार्यालयमा पेश गर्ने,,

(ङ) आफै वा सो क्षेत्रमा काम गर्नै गै.स.स.संग मिलरे जोखिम अवस्थामा रहेका महिलाहरुको तथ्याङ्ग सङ्कलन गर्ने/गराउने,

(च) लैगिंक हिसां निवारण कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

(छ) कोषको आय–व्ययको विवरण अद्यावधिक गरी नगरपालिका र वडा कार्यालय तथा सम्वन्धित निकायमा पेश गर्ने,

(ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ–संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

**७. कोष सञ्चालनको हद र आधार**

१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछः–

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन चार सय रुपैयाँ र बास बस्नु पर्ने सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाच सय रुपैयाँको दरले बढीमा **दश हजार** रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन चार सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन पाच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा **बीस हजार** रुपैयाँ,

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दश हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा **तीस हजार** रुपैयाँ,

ङ) पुनर्स्थापनाको लागि बढीमा **पाँच हजार** रुपैयाँ,

च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पन्ध्र हजार रुपैयाँ । तर यसरी रकम सहयोग गर्दा वास्तविक खर्चको आधारमा सहयोग गर्नुपर्ने तथा नगर संचालक समिति रु ५०००० र वडा समितिले रु ३०००० भन्दा बढी सहयोग दिन सक्ने छैन आवश्यक सहयोगका लागि अन्य निकायमा सिफारिस भने गर्न सकिने छ ।

छ) माथि उल्लेखित रकम लिदा अनुसूची १  र २ बमोजिमको व्यहोरा पुऱ्याउनु पर्नेछ।

**८ सञ्चालक समितिले गर्न नहुने कामहरू :** सञ्चालक समितिले देहायका काम गर्न गराउन हुँदैन ।

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न ।

ख)आपतकालिन अवस्थाका महिलाको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक :** आपतकालिन अवस्थाका महिलाहरूको संरक्षणको लागि नगरपालिका/वडा कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकताा अनुसार बस्नेछ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। निजको अनुपस्थितिमा नियमानुसार अध्यक्षता गरिने छ।

ग) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको गणपूरक संख्या पुगेको मानिने छ।

घ) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ।

ङ) सञ्चालक समितिको निर्णय सदस्य–सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ।

च) सञ्चालक समितिको सम्पर्क स्थान नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शाखा तथा वडा कार्यालयको हकमा वडा कार्यालय रहनेछ।

**१०. कोषको लेखा परिक्षण :** कोषको लेखा परीक्षण नगरपालिकाका अन्य कोषहरुको लेखापरीक्षण सरह प्रचलित कानून बमोजिम हुनेछ।

**११. आपतकालिन एवं जोखिम अवस्थाका महिलाहरु :** आपतकालिन एवं जोखिम अवस्थाका महिलाहरु भन्नाले देहाय अनुसारका महिलाहरु पर्दछन् :

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
२) यौनशोषण, यौन दुब्यवहार, बेचविखन वा ओसार पसारमा परेका पीडित,
३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,
४) अपांगता भएका,
५) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका,
६) हिंसाबाट प्रभावित एवं पिडित भएका,
७) हराएको वा बेवारिसे अवस्थामा फेला परेका,
८) ऋणको कारणले बन्धकमा रहेका वा जबर्जस्ति श्रममा लगाई पीडित भएका,
९) घरेलु हिंसाबाट प्रभावित,
१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,
११) सुस्त मनस्थिति भएका,
१२) अपहरण वा शरीर बन्धकमा परेका,
१३) सडक पेटीमा अलपत्र परेका,
१४) एच.आई.भि.सत्रंमित तथा प्रभावित
१५.कोही नभएका र केही नभएका महिलाहरु
१६.एकल महिलाहरु ( सम्वन्ध विच्छदे भएका, विधवा, ३५ वर्ष उमेर सम्म पनि विवाह नगरी एक्लै बसेका सामाजिक एवं आर्थिक रुपमा विपन्न महिलाहरु )
१७)सञ्चालक समितिले आपतकालिन अवस्थामा रहेका भनी ठम्याएका अन्य महिलाहरु।

**१२. निवेदन दिन सक्ने :** यस कार्यविधिका दफा ११ मा उल्लेख गरिएका महिलाहरूको तत्काल संरक्षण, उद्धार, औषधी उपचार, राहत तथा आर्थिक सहयोग, कानूनी सहायता, मनोविमर्श सेवा, व्यवसाय संचालन अनुदान, पुर्नस्थापना तथा पिडितका लागि संचालक समितिले तोकेबमोजिमका अन्य कामका लागि आफ्नो परिचय खुल्ने गरी दुल्लु नगरपालिका वा सम्बन्धित वडाहरूमा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले दुल्लु नगरपालिका नगर कार्यपालिका अन्तर्गत लैंगिक समानता तथा सामाजिक समावेशिकरण शाखामा/वडा कार्यालयमा समेत महिलाहरुको विस्तृत बिवरण खुल्नेगरी निवेदन दिन सक्नेछ।

**१३. खाताको सञ्चालन :** (१) लैगिंक हिंसा निवारण कोषको रकम समितिको निर्णय अनुसार प्रचलित कानूनको अधिनमा रहि नेपाल राष्ट्र बैकबाट **“क”** बर्गको मान्यता प्राप्त नजिकैको पायक पर्ने कुनै पनि बैकमा खाता खोली जम्मा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ।

**१४ बैठक भत्ता सम्बन्धि व्यवस्था :** समितिको संयोजक तथा सदस्यले बैठकमा भाग लिएबापत नगरपालिकाको प्रचलित नियमानुसार बैठक भत्ता बापत पाउनेछन।

**१५. कार्यविधिको व्याख्या तथा संशोधन :** यस कार्यविधिमा भएका व्यबस्थाहरूमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ। साथै संशोधन आवश्यक भएमा दुल्लू नगरपालिका, नगर कार्यपालिकाले लैगिक हिंसा निवारण नगर सञ्चालक समितिको राय लिई कार्यविधि संसोधन गर्न सक्नेछ।

**१६. कोष खारेज हुन सक्ने अवस्था :** कुनै कारणबस लैगिंक हिसां निवारण कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरू सहित नगरको हकमा नगर सञ्चालक समितिको राय लिई तथा वडा समितिको हकमा वडा कार्यालयको राय लिई नगरपालिकाले कोष खारेज गर्न सक्नेछ

**अनुसूची १**

**(दफा ७ र १२ संग सम्बन्धित)**

**राहत उपलब्ध गराईपाउ भनि पिडित/प्रभावितले समितिमा पेशगर्नुपर्ने निवेदनको ढाँचा**

**मिति : ............../....... /......**

श्री संयोजक ज्यू ,
नगरस्तरीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समिति,
दुल्लु नगरपालिका, दैलेख।

विषय : राहत उपलब्ध गराई पाउँ।

सविनय सेवामा नम्र निवेदन गर्नाको कारण यो छ की मेरो घर दुल्लु नगरपालिका वडा नं ........... ...................टोलमा पर्दछ। म .................................................................. (कार्यविधिको दफा ११ बमोजिम) को कारणले पीडित भई मेरो आर्थिक अवस्था समेत अत्यन्त नाजुक रहेको हुँदा मलाई तत्काल संरक्षण /उद्धार/औषधी उपचार/राहत तथा आर्थिक सहयोग/कानुनी सहायता/मनोविमर्श सेवा/व्यवसाय संचालन अनुदान/पुनर्स्थापना/तथा अन्य.....................................................................कामका लागि नगरस्तरीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिन हुन हार्दिक अनुरोध गर्दछु।

**निबेदक**

दस्तखत

नाम थर

ठेगाना

मिति

# अनुसूची २

## (दफा ७ संग सम्बन्धित)

## लैगिंक हिंसा निवारण कोषवाट रकम दिँदाको भरपाई

भरपाई दादै म ................................जिल्ला ................................. नपा.................... वडा नं...

बस्ने श्री .................................... को छारा/छोरी/श्रीमति वर्ष ..........को

श्री...........................................................ले

मेरो.......................................................................................................................................

.मस्याकोकारणले रकम रु....................................... ......लौंगिकं हिसां निवारण कोषबाट बुझीलिई

यो भर्पाई गरिदिए।

इतिसम्वत................ साल ................महिना ..................गते ...........रोज शभुम्।

**निवेदक**

नाम थर :

ठेगाना :

सहिस्

मिति

**औठा छाप :**

| दायां | बायां |
|---|---|
| | |

साक्षिहरु/रोहवर



...............

आज्ञाले

ज्ञानमणि नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/०३/३१